# नेपाल मानव अधिकार संगठन
## Human Rights Organisation of Nepal

Regd. No. 149/053/054
Estd: 1988 A.D. (2045 B.S.)

केन्द्रीय कार्यालय- अनामनगर, काठमाडौं
Central Office- Anamnagar, Kathmandu

Anamnagar-29
G.P.O. Box: 5424
Kathmandu, Nepal
+977-1-5706949/5705948
huron.nepal@gmail.com
www.huronnepal.org


च. नं. ११०/०८२

### मृत्युदण्ड विरुद्धको अपिल

बङ्गलादेशकी पूर्व प्रधानमन्त्री शेख हसिना वाजेद (हाल भारतमा निर्वासित) तत्कालीन गृहमन्त्री असदुज्जमान खान (हाल भूमिगत) लाई बङ्गलादेशको अन्तराष्ट्रिय अपराध न्यायाधिकरणले मृत्युदण्ड दिनेगरी फैसला सुनाएको र सुपुर्दगीको लागि भारतलाई आह्वान गरेको समेतका समाचारहरू प्रति यस संगठनको गम्भीर ध्यान आकर्षित भएको छ ।

व्यक्तिको कसुरमा दण्डको अन्य विकल्प रहँदा रहँदै जीवन नै लिने दण्ड सजाय गरिनु आधुनिक मानव सभ्यता, मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८, नागरिक तथा राजनैतिक सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञा पत्र १९६६ समेतको विपरीत कार्य भएको प्रष्ट छ । मृत्युदण्ड दिइसकेपछि पुन जीवन दिन सकिदैन। मृत्युदण्ड मानवअधिकारको गम्भीर उल्लंघन र मानवता विरोधी कार्य रहेको ध्रुव सत्य हो ।

मृत्युदण्ड कार्यान्वयनको लागि निर्वासित रहेकी शेख हसिना वाजेदलाई कुनै पनि परिस्थितिमा सुपुर्दगी नगर्न र गरिएमा यस्तो कार्य मानवता तथा मानव अधिकार विरुद्धको कार्य हुनुका साथै यस्तो अवस्थामा सुपुर्दगी निषेध गरेको यातना विरुद्धको महासन्धि १९८४ को समेत उल्लंघन हुन जाने सम्बन्धमा भारतलाई समेत यो संगठन स्मरण गराउँदछ ।

अत: बंगलादेशी सरकार, बंगलादेशका सम्पूर्ण सार्वभौम सत्ता सम्पन्न नागरिकहरू, बंगलादेशको सर्वोच्च अदालत, संयुक्त राष्ट्रसंघ भारत लगायत सम्पूर्ण सरोकारवालाहरूलाई मृत्युदण्ड जस्तो अमानवीय कठोर दण्ड रोक्न तथा मृत्युदण्ड हुने सम्भावना भएको देशमा सुपुर्दगी नगर्न नगराउन मानव अधिकार र मानवीय कानुनको सम्मान गर्न यो संगठन हार्दिक अपिल गर्दछ ।

मितिः २०८२/०८/०२

इन्द्र प्रसाद अर्याल

अध्यक्ष

९८५१०५८३६८

नेपाल मानव अधिकार संगठन
**Human Rights Organisation of Nepal**
Regd. No. 149/053/054
Estd: 1988 A.D. (2045 B.S.)
केन्द्रीय कार्यालय- अनामनगर, काठमाडौं
Central Office- Anamnagar, Kathmandu
Anamnagar-29
G.P.O. Box: 5424
Kathmandu, Nepal
+977-1-5706949/5705948
huron.nepal@gmail.com
www.huronnepal.org

Ref: 110/082

## Appeal against the death penalty

The organization has drawn serious attention to the news that the International Criminal Tribunal for Bangladesh has sentenced former Prime Minister Sheikh Hasina Wajed (currently in exile in India) and then Home Minister Asaduzzaman Khan (currently in hiding) to death and has called on India to extradite them.

It is clear that the death penalty, when there are other options for punishment for a person's crime, is a crime that goes against modern human civilization, the Universal Declaration of Human Rights 1948, and the International Covenant on Civil and Political Rights 1966. Life cannot be restored after the death penalty has been imposed. It is a fact that the death penalty is a serious violation of human rights and an act against humanity.

This organization also reminds India that Sheikh Hasina Wajed, who is in exile for the execution of the death penalty, should not be extradited under any circumstances and that if it is done, such an act would be an act against humanity and human rights and would also violate the Convention against Torture 1984, which prohibits extradition in such circumstances.

Therefore, this organization sincerely appeals to the Bangladeshi government, all sovereign citizens of Bangladesh, the Supreme Court of Bangladesh, the United Nations, India and all stakeholders to stop the inhumane and harsh punishment like the death penalty and to respect human rights and humanitarian law by not extraditing anyone to countries where the death penalty is likely to be imposed.

**Date: 18 November 2025**

Indra P. Aryal

**Indra Prasad Aryal**
**President**
**9851058368**